# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०७९।०४।२६

## प्रेस विज्ञप्ति

ओसिएन ड्रिंकिङ वाटर इन्डस्ट्रीजले बजारमा पठाएको प्रशोधित पानी (जार) मा किरा भेटिएपछि सो सम्बन्धमा समाचार संकलन लागि पुगेका स्पेस फोके टेलिभिजनमा कार्यरत पत्रकार नरेन्द्र महतारा र सुरेन्द्र राउतलाई समाचार संकलनमा रोक लगाई हातपातसमेत गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

साउन २५ गते बुधबार मनोहरा नगरपालिका ७ मा रहेको उक्त उद्योगमा समाचार संकलनका लागि दिउँसो २:०० बजेतिर पुगेका पत्रकारद्वयलाई नेपाल बोटल वाटर उद्योग संघका केन्द्रीय अध्यक्ष ध्रुवगौतमसहित आएका एक समूहले उद्योग परिसरबाट जबर्जस्ती बाहिर निकाल्नुका साथै हातपातसमेत गरेको महासंघमा जानकारी प्राप्त भएको छ ।

बजारमा पठाइएको पानीमा देखिएको समस्याबारे बुझ्न र सोबारे नागरिकलाई सुसूचित र सचेत गराउन जुटेका पत्रकारमाथि गरिएको यो हर्कत प्रेस स्वतन्त्रताविरोधी कार्य हो । महासंघ प्रेसविरोधी यो घटनाको कडा शब्दमा भर्त्सना गर्दछ । र, घटनामा संलग्नमाथि कानुनी कारबाही गरी पत्रकारको संवैधानिक अधिकार र स्वतन्त्रताको सम्मान गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

गोविन्दप्रसाद चौलागाई
सचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org